म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१६ अङ्क:- ९१ २०८१ फागुन ६ गते मंगलबार 18 February 2025, Tuesday - पृष्ठ ४ मूल्य रु. ५/-

## आन्तरिक मामिला सचिव बेहोस

हेटौंडा : बागमती प्रदेश सरकारको अन्तारिक मामिला तथा कानुन मन्त्रालयका सचिव पूर्णबहादुर दर्जी बाथरुममा लडेर बेहोस हुनुभएको छ । सोमबार बिहान ९ बजेर १५ मिनेटको समयमा हेटौंडा-४, हुप्रचौरस्थित सरकारी क्वार्टरमा मर्निङवाक गरेर सचिव दर्जी बाथरुममा नुहाउने क्रममा बेहोस हुनभएको हो ।

धेरै समयसम्म बाथरुमको ढोका नखुलेपछि ढोका फोरेर हेर्दा सचिव दर्जी अचेत अवस्थामा भेटिएको मन्त्रालयका पिएसओ सन्च दोङले जानकारी दिनुभयो । दर्जीको हेटौँडा अस्पतालमा एचडीयु वार्डमा राखेर उपचार भइरहेको जनाएको छ । सचिव दर्जीको स्वास्थ्यमा क्रमिक सुधार भएर खतरामुक्त हुनुहुन्छ ।

### प्रहरीकै स्कर्टिङमा हेटौँडा हुँदै गोरू तस्करी

# सशस्त्र प्रहरीको सहयोगमा पथलैयाबाट ट्रक नियन्त्रण

समाज संवाददाता

हेटौँडा : हेटौँडा हुँदै बारातर्फ गएको गोरु बोकेको ट्रक पशु सेवा कार्यालय मकवानपुरले बाराको पथलैयाबाट नियन्त्रणमा लिएको छ । आइतबार साँझ ६:३० बजेको समयमा गोरु बोकेको गाडीलाई पथलैयाबाट नियन्त्रणमा लिएको हो । हेटौँडा-१५ स्थित रातोमाटे चौकीमा पक्राउ गर्ने प्रयास असफल भएपछि कार्यालयको टोलीले पछ्याउँदै पथलैयाबाट नियन्त्रणमा लिएको पशु सेवा कार्यालय मकवानपुरका प्रमुख बज्र किशोर ठाकुरले जानकारी दिनुभयो । उहाँका अनुसार नेपाल प्रहरीले सहयोग नगर्दा मकवानपुरका नाका पार गरेर गोरु सहितको सशस्त्र प्रहरी बलको सहयोगमा ट्रक नियन्त्रणमा लिइएको हो । अबेर राति ११ बजे नियन्त्रणमा लिइएको गोरु सहितको ट्रक हेटौँडा ल्याइएको छ ।



आइतबार दिउँसो विशेष सूचनाका आधारमा कार्यालय प्रमुख ठाकुर गोरु सहितको ट्रकलाई नियन्त्रणमा लिन तयारी अवस्थामा हुनुहुन्थ्यो । उहाँ सरकारी मोटरसाइकलमा राजमार्ग भन्दा फरक बाटो भएर रातोमाटे चौकीमा पुग्नुभयो । त्यहाँ पुग्दा बा प्र ३-००१ ख १४२४ नम्बरको ट्रकलाई प्रहरीले रोकेर सुरक्षाजाँच गर्दै गरेको फेला पऱ्यो । सोही ट्रकमा लोड गरिएको थियो २५ वटा गोरुहरु । ट्रक रोकेको देखेपछि प्रमुख ठाकुरले प्रहरीलाई जानकारी गराएर ट्रक नियन्त्रणमा लिन आग्रह गर्नुभयो । तर, प्रहरीले ट्रक नियन्त्रणमा लिएन । चितवन हुँदै हेटौँडा आएको ट्रक नियन्त्रणमा लिन आफूले चौकीका इन्चार्ज कुमार फुयालसहित जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरी उपरीक्षक विश्वराज खड्कालाई जानकारी गराएको प्रमुख ठाकुरले बताउनुभएको छ ।

'ट्रक नियन्त्रणमा लिन चौकीका इन्चार्ज 'सई साब', जिल्ला प्रहरी कार्यालय मकवानपुरका एसपी साबलाई पनि जानकारी गराएँ । तर, प्रहरीले नै बाइकमा स्कर्टिङ गरेर नाका कटाइ दिए,' ठाकुरले भन्नुभयो । रातोमाटे चौकीबाट ट्रक पथलैयातर्फ गएपछि प्रमुख ठाकुर पनि ट्रकको पछि पछि लाग्नुभयो । रातोमाटेमा प्रहरीको सहयोग नपाएपछि प्रमुख ठाकुर हेटौँडा-१५, नयाँबस्तीमा रहेको सशस्त्र प्रहरीको राजमार्ग सुरक्षा चेकपोष्टमा पुग्नुभयो । डियुटिमा रहेका सशस्त्रका असईलाई जानकारी गराउनु भयो । त्यस समयसम्म ट्रकलाई रातोमाटे चौकीबाट खटिएका हवल्दार र सिपाहीको मोटरसाइकल सहितको टिमले स्कर्टिङ गरेर चुरियामाई नाका कटाइ दिएको ठाकुर बताउनुहुन्छ ।

नेपाल प्रहरी र प्रशासनबाट सहयोग नपाएका प्रमुख ठाकुरले सशस्त्रको सहयोग लिनुभयो । सशस्त्र प्रहरी १४ नम्बर हेडक्वाटरका प्रमुख प्रहरी उपरीक्षक सन्तोष विक्रम शाहसँगको समन्वयमा पथलैयास्थित राजस्व अनुसन्धानमा खटिएको सशस्त्र प्रहरीले ट्रकलाई नियन्त्रणमा लिएको प्रमुख ठाकुरको भनाई छ । राजस्व अनुसन्धान कार्यालय पथलैयाका सशस्त्र प्रहरीका प्रहरी निरिक्षकको टोलीले ट्रकलाई नियन्त्रणमा लिएर पशु सेवा कार्यालय मकवानपुरलाई जिम्मा लगाएको उहाँले बताउनुभयो । सशस्त्रको सहयोगमा ट्रक नियन्त्रणमा लिए लगत्तै ट्रकका चालक र गोरु चरुवाहरु फरार भए । करिव २ घण्टासम्म ट्रक चलक नआएपछि हेटौँडाबाट अर्को चालक बोलाएर ट्रकलाई हेटौँडा ल्याइएको उहाँले जानकारी दिनुभयो ।

ट्रक नियन्त्रणमा लिएर कागजातहरु छानविन गर्दा उक्त गोरु बोकेको ट्रकको भेटेरिनरी प्रमाण पत्र गलत भेटिएको थियो । २५ वटा जर्सीक्रस गोरु कृषि प्रयोजनका लागि झापा लगिँदै गरेको ठाकुरको भनाई छ । भेटेरिनरी प्रमाण पत्रमा आबुखैरेनी, तनहुँका भीम राईले लक्ष्मी चौपाया सप्लायर्स मार्फत झापाको हेमादेवी सप्लायर्सलाई उक्त गोरुहरु विक्री गरेको देखिन्छ । सो कार्यका लागि डा. टिकाराम न्यौपानेले भेटेरिनरी प्रमाण पत्र जारी गर्नुभएको छ । भेटेरिनरी प्रमाण पत्र प्रमाणीकरण नै नगरी तस्करीको उद्देश्यले गोरुहरु झापा पुर्याउने काम भएको उहाँले बताउनुभयो ।

छानविका क्रममा सो गोरुहरु सलाहीको नवलपुरमा लगेर २ दिन राख्ने र सो पश्चात अर्को ट्रकमा हालेर झापा पठाउने योजना रहेको प्रमुख ठाकुरले जानकारी दिनुभयो । लक्ष्मी चौपाया सप्लायर्स, मकवानपुर-१६ हेटौंडाको नाममा बिजक जारी गरिएको थियो । प्रतिगोरु ५ हजार रुपैयाँको खरिद बिल बनाएर कृषि प्रयोजन भनेर देखाइएको उहाँले बताउनुभयो । सो ट्रकले हेटौँडा उपमहानगरपालिकाको पशुहाट सेवा शुल्क वापत २५ गोरुका लागि ३ हजार रुपैयाँ बुझाएको छ । उपमहानगरपालिकाले गाई गोरु ढुवानी बापत उक्त शुल्क प्रति गोटा २०० रुपैयाँ निर्धारण गरेको छ ।

### प्रहरीको असहयोगमा निरह कर्मचारी

ट्रक नियन्त्रणमा लिन हेटौँडादेखि पथलैयासम्म पशु सेवा कार्यालयका टोलीलाई प्रहरीको सहयोग नमिल्दा निरह बन्नु पर्यो । सशस्त्र प्रहरीले ट्रक रोकेर कागजपत्र नियन्त्रणमा लिए लगत्तै ट्रक चालक फरार भएका थिए ।

२ घण्टा भन्दा बढी समय सशस्त्र प्रहरीले चालकलाई सम्पर्क गर्दा आफू चौकीमा रहेको बताए । तर, उनी ट्रकको छेउछाउ देखा परेनन् । सँगै रहेका सादा पोशाकका नेपाल प्रहरीले सहयोग गरेनन् । प्रहरीको सहयोग नपाएपछि चालक फोन अफ गरेर सम्पर्कविहीन बने । चौकीमा रहेको भनिएको चालकलाई प्रहरीले खोज्नेसम्मको चेष्टा गरेन । अन्ततः राति ९ बजे हेटौँडाबाट चालक बोलाएर ट्रकलाई पथलैयाबाट हेटौँडा ल्याएको थियो ।

हेटौँडा ल्याएको ट्रकको सुरक्षामा समेत समस्या देखियो । ट्रक र गोरुहरुको सुरक्षाका लागि कार्यालय प्रमुख ठाकुरले जिल्ला प्रशासन कार्यालय मकवानपुरका निमित्त प्रमुख जिल्ला अधिकारी गुणराज न्यौपाने, प्रदेश प्रहरी कार्यालय हेटौँडाका प्रमुख डिआईजी कृष्णहरी शर्मालाई आग्रह गर्नुभयो । तर, स्थान नभएकाले आफूहरुले सहयोग गर्न नसक्ने जवाफ दिएको ठाकुरले बताउनुभयो । कार्यालयले नै सुरक्षा र व्यवस्था गर्न सुझाएपछि उक्त ट्रक नयाँ बस्तीको सशस्त्रको चेकपोइन्टमा नै राखिएको उहाँले बताउनुभयो ।

### गोरू तस्करीबारे जानकारी छैनः फुयाल

रातोमाटे चौकीका इन्चार्ज कुमार फुयालका अनुसार गोरु तस्करी बारे जानकारी नरहेको बताउनुभयो । गोरु तस्करी र नियन्त्रणका विषयमा सम्बन्धित कार्यालयहरुबाट आफूलाई कुनै जानकारी नरहेको उहाँले बताउनुभयो । आइताबर को घटना बारे आफूलाई जानकारी नभएको र चौकीमा सामान्य सुरक्षाजाँचपछि ट्रक छोडिएको उहाँले बताउनुभयो । प्रहरीको संरक्षणमा नाका कटाउने भन्ने विषय गलत भएको उहाँको भनाई छ ।

### इञ्चार्ज फुयालसहित ३ जना जिल्ला तानिए

गोरु तस्करी प्रकरणमा रातोमाटे चौकीका इञ्चार्ज फुँयालसहित ३ जना प्रहरीलाई जिल्ला प्रहरी कार्यालय मकवानपुरले जिम्मेवारीबाट हटाएको छ । हेटौँडा हुँदै भइरहेको गोरु तस्करी प्रकरणमा छानविनका लागि चौकी इञ्चार्जसहित प्रहरी सहायक हवल्दार विपिन कुशवाह र प्रहरी जवान केशर शाहीलाई जिम्मेवारीबाट हटाइएको हो ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरी उपरीक्षक विश्वराज खड्काले ३ जनालाई छानविनका लागि जिम्मेवारीबाट हटाएर जिल्ला तानेको जानकारी दिनुभयो । उहाँका अनुसार उक्त चौकीको इञ्चार्जको रुपमा प्रहरी सहायक निरीक्षकलाई पठाउने गरी निर्णय भएको छ । गोरु तस्करी प्रकरणमा प्रहरीको संलग्नताका विषयमा छानविन गर्न उनीहरुलाई जिल्ला तानेको उहाँले बताउनुभयो । सो विषयमा प्रक्रियागत रुपमा छानविन कार्य भइरहेको उहाँले बताउनुभयो ।

आइतबार राति चितवनबाट हेटौँडा हुँदै पथलैयातर्फ गोरु बोकेर जाँदै गरेको ट्रकलाई पशु सेवा कार्यालय मकवानपुरले बाराको पथलैयाबाट नियन्त्रणमा लिएको थियो । उक्त घटनामा प्रहरीले नै स्कर्टिङ गरेर तस्करी भइरहेको गोरु सहितको बा प्र ०३-००१ ख १४२४ नम्बरको ट्रक रातोमाटे चौकीबाट भगाएर चुरियामाई नाका कटाएका थिए । यता जिल्ला पशु सेवा कार्यालय मकवानपुरले गोरु सहितको ट्रकलाई ५ हजार जरिवानासहित छाडेको छ । गोरु ढुवानीकर्ता भिष्म राईलाई सम्पर्कमा ल्याएर कार्यालयले मापदण्ड विपरित गोरुहरु ल्याएको भन्दै कानुन बमोजिम ५ हजार रुपैयाँ जरिवाना गरेको कार्यालयका प्रमुख ब्रज किशोर ठाकुरले जानकारी दिनुभयो ।

उहाँका अनुसार राईलाई उक्त ट्रकसहितका गोरुहरु ल्याएको स्थानमा नै लगेर छाड्नेगरी व्यवस्थापन गरिएको छ । उक्त घटनामा छानवीन गर्न कार्यालयले आन्तरिक राजश्व कार्यालय र हेटौँडा उपमहानगरपालिकालाई समेत पठाउने गरी प्रक्रिया अघि बढाइएको उहाँले बताउनुभयो ।

# डम्पिङ साइटमा फेरी आगो लाग्यो

समाज संवाददाता

हेटौँडा : हेटौँडा उपमहानगर पालिकाको डम्पिङ साइटमा फेरी आगो लागेको छ । सोमबार बिहान करिब ३ बजेको समयमा हेटौँडा-१० स्थित डम्पिङ साइटमा आगो लागेको हो । डम्पिङ साइटमा आगो लागेको खबर प्राप्त भएपछि बिहान साढे ४ बजेको समयमा हेटौँडा उपमहानगरपालिकाको बारुणयन्त्र इकाइका इन्चार्ज दिनेश राईको नेतृत्वमा कर्मचारीहरु आगो निभाउनका लागि पुगेका थिए ।

डम्पिङ साइटमा अत्यधिक आगो लागेपछि २ वटा बारूणयन्त्र, २ वटा बुल डोजोरको सहायताले ७ जना कर्मचारी मिलेर आगो निभाउन थालेको बारूणयन्त्र इन्चार्ज राईले बताउनुभयो । डम्पिङ्ग साइटमा २ पटक आगो लागेपनि कसले लगाएको र किन लगाएको भन्ने थाहा हुन नसकेको उहाँले बताउनुभयो । करिब साढे ४ घण्टाको प्रयासपछि आगो नियन्त्रणमा लिइएको बताइएको छ ।

डम्पिङ साइटको फोहोरमा आगो लागेर हेटौँडा बजार क्षेत्र नै प्रभावित बनेको, धुँवा नै धुँवा भएर स्थानीय बासिन्दालाई समस्या परेको उहाँले बताउनुभयो । यसअघि डम्पिङ साइटको आगो निभाउनका लागि हेटौँडा-११ का वडा सदस्य विकास नेपाल प्रशासन कार्यालय पुग्नु भएको थियो । डम्पिङ साइटमा फोहोर व्यवस्थापनमा उपमहानगरपालिकाको प्रभावकारी भूमिका नभएको भन्दै नगरवासीले उच्च अदालत पाटन हेटौँडा इजलासमा रिट निवेदन समेत दायर गरेको थियो ।

# नगरप्रमुख लामा अष्ट्रिया भ्रमणमा

समाज संवाददाता

हेटौँडा : हेटौँडा उपमहानगर पालिकाकी प्रमुख मीना कुमारी लामा अष्ट्रियाको भ्रमणमा जानुभएको छ । अष्ट्रियाको भियनास्थित इन्सब्रुक विश्वविद्यालयमा आयोजित सह-अन्वेषणसम्बन्धी परियोजना कार्यशाला तथा सञ्जालीकरण बैठकमा सहभागी हुन नगरप्रमुख लामा त्यसतर्फ जानुभएको हेटौँडा उपमहानगरपालिकाका प्रवक्ता सविन न्यौपानेले जानकारी दिनुभयो ।

बीईईएन परियोजना (युरोपियन युनियन) ले स्विच एसिया अन्तर्गत वित्त पोषित कार्यक्रममा सहभागी हुन आइतबार त्यसतर्फ प्रस्थान गर्नुभएकी नगरप्रमुख लामा आउँदो शनिबार फर्कने कार्यक्रम रहेको प्रवक्ता न्यौपानेले जानकारी दिनुभयो । हेटौँडा उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतमका अनुसार नेपालबाट नगरप्रमुख लामासँगै पोखरा महानगरपालिकाका एक ईन्जिनियर अष्ट्रिया गएका छन् ।

नगरप्रमुख लामाको वैदेशिक भ्रमणबारे उपमहानगरपालिकाले कुनै जानकारी सार्वजनिक गरेको छैन । यसअघिका भ्रमणमा पनि उपमहानगरले नगरप्रमुखको भ्रमणको जानकारी गराउने गरेको थिएन । नगरप्रमुख लामाले यसअघि करिब आधा दर्जन मुलुकको भ्रमण गरिसक्नुभएको छ । नगरप्रमुख लामाले उपप्रमुख राजेश बानियाँलाई कार्यवाहक नगरप्रमुखको जिम्मेवारी दिनुभएको छ ।

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
वागमती, प्रदेश, नेपाल

सूचना

यस हेटौंडा उपमहानगरपालिकाले यस उपमहानगरलाई ट्राफिक व्यवस्थापन चुस्त दुरुस्त राख्ने उद्देश्यले ३ पाङ्ग्रे सवारी साधनहरुलाई स्टीकर वितरण गर्दै आएकोमा मिति २०८१/११/०४ गते बसेको ३ पाङ्ग्रे सवारी साधन व्यवस्थापन उपसमितिको बैठकको निर्णयानुसार २०७६ साल पौष ७ गते भन्दा अगाडीका मकवानपुर जिल्लाभरको लागि रूट ईजाजत प्राप्त ३ पाङ्ग्रे सवारी साधनहरूले यस हेटौंडा उपमहानगरपालिका ३ पाङ्ग्रे सवारी साधन व्यवस्थापन इकाई, हेटौंडा-११, थानाभन्याङमा यही मिति २०८१ फागुन १९ गते भित्र आफ्नो प्रमाण पेश गरी स्टीकरको लागि आवश्यक प्रक्रिया पुरा गरी आवेदन पेश गर्नु हुन अनुरोध गर्दछौं । मिति २०८१ फागुन २० गते आईतबार अन्तिम पटक स्टीकर वितरण गरिने भएकोले समयमै स्टीकर प्राप्त गर्नु हुन यसै सूचना मार्फत सूचित गरिन्छ साथै सो पश्चात प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरा सम्बन्धीत सबैमा जानकारी गराईन्छ ।

(३ पाङ्ग्रे सवारी साधन व्यवस्थापन ईकाई)
हेटौंडा उपमहानगरपालिकाको कार्यालय
हेटौंडा उपमहानगरपालिका

हेटौंडा आईडल
शिवम् सिमेन्ट
असली OPC सिमेन्ट
SINCE 2003
स्ट्रेन्ज पार्टनरः शिवम् सिमेन्ट
"Quality सँगै समयमै Delivery को मामलामा पनि No Compromise"
शोभायात्राः
मितिः २०८१ फागुन ६ गते
समयः बिहान १०:३० बजे

CONSTRUCTION EXPO-2
दोस्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१
फागुन २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म
स्थान : हेटौंडा-१०, टिसिएन चौर ।
आयोजक : निर्माण व्यवसायी संघ, मकवानपुर । सम्पर्कः ०५७-५२०८१६

महोत्सवका आकर्षणहरू
- निर्माण उपकरण तथा सामग्रीहरुको प्रदर्शनी एवम् बिक्री ।
- बहुराष्ट्रिय कम्पनीहरुको उत्पादनको प्रदर्शनी एवम् बिक्री ।
- सूचना प्रविधि प्रदर्शनी ।
- कृषि उत्पादनको प्रदर्शनी तथा कृषि प्रतियोगिता ।
- दैनिक राष्ट्रिय/स्थानीय कलाकारहरुको प्रश्तुती ।
- शैक्षिक, घरजग्गा, अटो तथा खाना महोत्वस ।
- मनोरञ्जनात्मक बाल उद्यान ।
- नविनतम उपकरणहरुको प्रदर्शनी ।
- नयां/नौलो प्रविधिको प्रदर्शनी ।

## सम्पादकीय

# सुस्त प्रदेशसभा

मुलुकको संघीय शासन व्यवस्थाको नयाँ र महत्वपूर्ण मानिएको प्रदेश संरचनाको प्रभावकारिता कमजोर बनिरहेको छ । प्रदेशसभा र प्रदेश सरकार दुबैको गतिविधि सुस्त बनिरहेको छ । प्रदेशसभा गठन भएको ७ वर्षसम्म पनि प्रदेशमा आवश्यक कानुन निर्माण हुन सकेको छैन । बनेका कानुन पनि कार्यान्वयन हुन नसकेर चाँडोचाँडो संशोधन भइरहेका छन् । कानुन निर्माण गर्ने मुख्य जिम्मेवारी भएको प्रदेशसभाबाट आवश्यक कानुन बन्न नसक्नुमा प्रदेश सरकार उतिकै जिम्मेवार छ । प्रदेश सरकारले आवश्यक विधेयक प्रदेशसभामा पेश गर्न नसक्दा प्रदेशसभाले कानुन बनाउन नसकेको हो । नेपालको परिप्रेक्षमा नयाँ प्रयोगको रुपमा रहेको प्रदेशसभा सुस्त बन्दा प्रदेशका अन्य संरचनासमेत प्रभावित भएका छन् । २०७४ साल माघ १८ गते देशका सात प्रदेशमध्ये सबैभन्दा पहिला प्रदेशसभा बैठक बसेको बागमती प्रदेशसभाका क्रियाकलाप चुनौती र सकसपूर्ण बन्दै आएको छ ।

संघीयता कार्यान्वयनको ७ वर्षको अवधिमा बागमती प्रदेशसभाले ८४ वटा कानुन निर्माण गरेको छ । प्रदेशलाई आवश्यक ९९ वटा कानुनमध्ये हालसम्म ८४ वटा मात्र कानुन निर्माण भएको हो । प्रदेशसभामा पेश भएका ९१ वटा विधेयकमध्ये ८४ वटा पारित भएका हुन् । प्रदेशसभाले पारित गरेको दुईवटा विधेयक प्रदेश प्रमुखबाट फिर्ता भएको छ । प्रदेश प्रमुखले प्रमाणित गरेर प्रदेश राजपत्रमा प्रकाशित भएका ८२ वटा विधेयकमध्ये मुल विधेयक ६४ वटामात्र रहेका छन् । बाँकी १८ वटा मुल कानुनलाई संशोधन गर्न बनेका विधेयक छन् । ६४ वटा मुल विधेयकमा १६ वटा सालबसाली विधेयक छन् । यस हिसाबले बागमती प्रदेशसभाले हालसम्म ४८ वटा कानुन निर्माण गरेको देखिन्छ । सात वर्षको अवधिमा प्रदेश सरकारले १४ वटा अध्यादेश जारी गरेको छ । जारी भएका अध्यादेशमध्ये ९ वटा अध्यादेश प्रदेशसभाले पारित गरेर कानुन बनेको छ भने पारित नभएका ५ वटा अध्यादेश निष्क्रिय भएका छन् ।

बागमती प्रदेश सरकार अस्थिर बन्दा प्रदेशसभामा आवश्यक विधेयक पेश हुन ढिला भएको हो । ७ वर्षको अवधिमा प्रदेशले ५ जना मुख्यमन्त्री पाएको छ भने ८९ जना मन्त्री बनेका छन् । पहिलो ५ वर्षे कार्यकालमा ३ जना मुख्यमन्त्री र ३९ जना मन्त्री भएकोमा २०७९ को निर्वाचनपछिको दुई वर्ष अवधिमा २ जना मुख्यमन्त्री र ५० जना मन्त्री बनेका छन् । औसतमा डेढ वर्षभन्दा कम समयमै मुख्यमन्त्री फेरिएका छन् भने एउटा मुख्यमन्त्रीको कार्यकालमा १८ जना मन्त्री बनेका छन् । तर, पछिल्लो दुई वर्षमा मात्रै प्रदेशमा ५० जना मन्त्री बनेकाले एउटा मुख्यमन्त्रीको कार्यकालमा औसतमा २५ जना मन्त्री बनेको देखिन्छ । ११० जना प्रदेशसभा सदस्य रहेको बागमतीमा दुई वर्षमै ५० जना मन्त्री बन्दा ५ वर्षसम्म सबैको मन्त्री बन्ने पालो आउने सम्भावना देखिन्छ । त्यसो त कतिपय प्रदेशसभा सदस्य एकभन्दा बढी कार्यकालमा मन्त्री बनेका छन् । तर, संख्यात्मकरुपमा र औसतमा हेर्दा जोकोहीको मन्त्री बन्ने पालो आउने हो कि भन्ने आशंका रहन्छ ।

प्रदेश सरकार र प्रदेशसभा प्रभावकारी हुन नसकेकै कारण प्रदेश संरचनाको औचित्यबारे चर्चा र बहस हुने गरेको छ । प्रदेश सरकार आन्तरिक भागबण्डा मिलाउन र सरकार टिकाउन तथा बनाउनमै व्यस्त बनिदिँदा प्रदेशसभाले पर्याप्त बिजनेश नपाएको हो । प्रदेश सरकारले आवश्यक विधेयक प्रदेशसभालाई नदिँदा प्रदेशसभाको काम देखिएको छैन । प्रदेशसभाको दोस्रो कार्यकालको २ वर्षमा १२ वटा विधेयक पारित भएको छ भने २ वटा विधेयक फिर्ता आएको छ । जसमध्ये ८ वटा मुल विधेयक र २ वटा संशोधन विधेयक छन् । पछिल्लो कार्यकालमा ४ वटा अधिवेशन बसेको भए पनि १० वटा कानुन निर्माण हुनुले एउटा अधिवेशनबाट २-३ वटामात्र कानुन निर्माण हुने अवस्था देखिएको छ । यसले प्रदेशसभाको गति बढाउनु आवश्यक देखिन्छ । यसका लागि प्रदेश सरकारले आवश्यक विधेयक प्रदेशसभालाई दिनुपर्ने हुन्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : स्वास्थ्यका दृष्टिले सबल समय योग देखिन्छ ।
**वृष** : कामकाजबाट मन अशान्त बन्ने समय योग छ ।
**मिथुन** : प्रतिष्ठित काम गरेर अरुको मन आकर्षित गरिन्छ ।
**कर्कट** : पारिवारीक भेटघाट र जमघटमा समय बित्ला ।
**सिंह** : हिम्मत र आँटले काम काम गर्न सकिने योग छ ।
**कन्या** : भरसक गोपनियतामा ध्यान पुऱ्याउँदा राम्रो ।
**तुला** : सोच र बुद्धिको उपयोग हुने समय योग छ ।
**वृश्चिक** : सेवाचाकरीमा पनि समय व्यतित हुने समय योग छ ।
**धनु** : प्रयासले काममा नयाँ गति प्राप्त हुने समय योग छ ।
**मकर** : कामको गुणस्तरमा अझै सुधार गर्दा राम्रो रहने छ ।
**कुम्भ** : नियमित कामधन्धाले चिडचिडेपन बढ्न सक्छ ।
**मीन** : गरि आएका कामहरुमा बाधा व्यवधान प्राप्त होला ।

# समानीकरण अनुदानमा कैंची, स्थानीय सरकार मारमा

**समानीकरण अनुदान प्रदेश र स्थानीय तहको संवैधानिक अधिकार हो । प्रदेश र स्थानीय सरकारले बजेट र योजना बनाउने काम यही अनुदानबाट गर्ने हो । त्यसैले यो उनीहरुको नैसर्गिक अधिकार नै हो । उनीहरुले निःशर्त यो अनुदान पाउनुपर्छ ।**

नेपालको संविधानले तीन तहकै सरकारलाई कार्यजिम्मेवारी र राजस्व अधिकारसहित राज्यशक्तिको बाँडफाँट गरेको छ । तर तहगत रुपमा विभाजन गरिएको अधिकारको विश्लेषण गर्दा, प्रदेश तथा स्थानीय सरकारमा खर्च जिम्मेवारी धेरै दिइएको छ भने राजस्वको हिस्सा न्यून छ । संघीय सरकारलाई राजस्व परिचालनको अधिकार अधिक दिइएको छ ।

प्रदेश र स्थानीय सरकारको खर्च आवश्यकता र राजस्व क्षमताबीचको वित्तीय अन्तरलाई न्यूनीकरण गर्न सरकारले विभिन्न शिर्षकमा वित्तीय हस्तान्तरण गर्नुपर्छ । जसमध्ये वित्तीय समानीकरण अनुदान त्यस्तो प्रमुख शिर्षक हो, जसको मूल उद्देश्य प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको फरकबाट सिर्जना हुने वित्तीय अन्तर घटाई सन्तुलन कायम गर्नु हो ।

संविधानले प्रदेश र स्थानीय तहलाई प्रदान गरेको जिम्मेवारी पूरा गर्न आवश्यक पर्ने स्रोतको जोहो गर्न संघीय सरकारले यस्तो अनुदान तल्लो सरकारमा पठाउनुपर्छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्रदेश र स्थानीय सरकारलाई उपलब्ध गराउने समानीकरण अनुदानको आकार संघीय सरकारलाई सिफारिस गर्छ । तर पछिल्ला आर्थिक वर्षमा लक्ष्यअनुसार राजस्व सङ्कलन हुन नसकेको कारण देखाएर संघीय सरकारले प्रदेश र स्थानीय सरकारको लागि विनियोजन गरिएको समानीकरण अनुदान कटौती गर्न सुरु गरेको छ ।

तर, संघीय कानुनले नै दिएको अधिकारबमोजिम समानीकरण अनुदानको किस्ता निर्धारण गरेको दाबी संघीय सरकारको छ । संघीय विनियोजन ऐन, २०८१ को दफा ६ को उपदफा (४) ले 'वित्तीय हस्तान्तरण गर्दा पुस मसान्तसम्मको राजस्वको लक्ष्य र सो अवधिमा सङ्कलन भएको राजस्वको अनुपातको आधारमा समानीकरण अनुदान निर्धारण गरी सोही बमोजिम तेस्रो किस्ताको रुपमा र चैत मसान्तसम्मको राजस्वको लक्ष्य र सो अवधिमा सङ्कलन भएको राजस्वको अनुपातको आधारमा समानीकरण अनुदान पुनः निर्धारण गरी चौथो किस्ताको रुपमा हस्तान्तरण गरिनेछ' भन्ने व्यवस्था गरेको छ ।

### करिब २० अर्ब कटौती हुनसक्ने

चालु आर्थिक वर्षको स्वीकृत वार्षिक बजेटमध्ये प्रदेश र स्थानीय सरकारमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान कटौती गरी निकासा गर्ने अर्थ मन्त्रालयको निर्णयले कमजोर आन्तरिक आय हुने अधिकांश स्थानीय सरकारहरुमा तरङ्ग ल्याएको छ । चालु आवको लागि प्रदेश र स्थानीय तहको लागि समानीकरण अनुदान शिर्षकमा क्रमशः ६० र ८८ अर्ब स्वीकृत भएको छ । त्यसमध्ये पहिलो र दोस्रो किस्तामा २५/२५ प्रतिशतले हुन आउने रकम क्रमशः ३० र ४४ अर्ब निकासा भइसकेको छ ।

तेस्रो किस्तामा २५ प्रतिशत अर्थात् क्रमशः १५ र २२ अर्ब निकासा हुनुपर्ने थियो । तर तेस्रो किस्तामा कुल वार्षिक बिनियोजन बजेटको ६३.२४ प्रतिशतमा नबढ्ने गरी हस्तान्तरण गर्ने भनिएको छ । जसले प्रदेश र स्थानीय सरकारमा निकासा हुनुपर्ने क्रमशः १५ र २२ अर्बमध्ये करिब क्रमशः ८ र १२ अर्ब मात्र निकासा हुने भएको छ । यसर्थ तेस्रो किस्तामा क्रमशः ७ र १० अर्ब कटौती हुने भएको छ ।




राजस्व सङ्कलन साविकमा प्रगति हुन नसकेमा चौथो किस्तामा समेत यही अनुपातमा कटौती भई क्रमशः करिब १४ र २० अर्ब समानीकरण अनुदान कटौती हुने देखिएको छ । तर चौथो किस्ता निर्धारण गर्दा चैत मसान्तसम्मको राजस्व सङ्कलन लक्ष्य नजिक हुन सकेमा कटौती हुने आकार कम हुन सक्ने आशा बाँकी नै छ ।

### अनुदान कटौतीले स्थानीय सरकारलाई असर

वित्तीय संघीयताको मर्म बोकेको अनुदान भनेकै समानीकरण अनुदान हो । स्थानीय सरकारमा योजना तर्जुमाको स्पेस भएको र अनुसूची ८ का एकल अधिकारको कार्यान्वयन गर्ने सुनिश्चितता बोकेको वित्तीय हस्तान्तरणको शिर्षक नै समानीकरण अनुदान भएकोले यो अनुदान नहुने बित्तिक्कै स्थानीय सरकारमा योजना तर्जुमाको कुनै औचित्य हुँदैन ।

यो शिर्षकबाट स्वीकृत योजना तथा कार्यक्रमहरु सम्झौता भई करिब सम्पन्नको चरणमा छन् । यो स्रोत कटौती हुँदा आन्तरिक स्रोत सीमित भएका सबै स्थानीय सरकारलाई ठूलो आर्थिक संकट हुनेछ ।

एकातिर आगामी दुई/तीन वर्षसम्मको लागि भुक्तानी दायित्व रहिरहनेछ भने अर्कोतिर आगामी आवको लागि स्थानीय सरकारमा कुनै योजना तर्जुमा गर्नसक्ने अवस्था हुँदैन ।

वित्तीय संघीयताको मर्म बोकेको वित्तीय हस्तान्तरण अन्तर्गत यही समानीकरण अनुदान रहेकोले यसैमा कैंची चलाएर स्थानीय सरकारको स्वायत्तता हनन गर्न मिल्दैन ।

समानीकरण अनुदान प्रदेश र स्थानीय तहको संवैधानिक अधिकार हो । प्रदेश र स्थानीय सरकारले बजेट र योजना बनाउने काम यही अनुदानबाट गर्ने हो । त्यसैले यो उनीहरूको नैसर्गिक अधिकार नै हो । उनीहरूले निःशर्त यो अनुदान पाउनुपर्छ ।

### लक्ष्यअनुसार राजस्व उठ्न नसक्दाको विकल्प

सरकारले चालु आवको पुस मसान्तसम्म राजस्व लक्ष्यको ८४.३३ प्रतिशत मात्र सङ्कलन भएकोले संघीय सञ्चित कोषमा पर्न गएको दबाबलाई कम गर्न समानीकरण अनुदान सोही अनुपातमा घटाएर निकासा गर्ने निर्णय गरेको देखिन्छ । संवैधानिक र कानुनी व्यवस्थाअनुसार समानीकरण अनुदान बजेटलाई संघीय सरकारले दिएको ग्यारेन्टीको रुपमा लिनुपर्छ । त्यसैले समानीकरण अनुदान, राष्ट्रिय गौरवका आयोजनालगायत ठूला आयोजनाको बजेट कटौती गर्न हुँदैन । लक्ष्यअनुसार राजस्व उठ्न नसकेमा खर्च कटौतीका अन्य विकल्प खोज्न सकिन्छ । कटौती नै गर्नुपरेमा तेस्रो प्राथमिकताका योजना (पीथ्री) बाट बजेट कटौती गर्नुपर्छ र त्यसले पनि नपुगेमा दोस्रो प्राथमिकताको योजना (पीटू) बाट कटौती गर्नुपर्छ ।

संघीय सञ्चित कोषमा पर्न गएको दबाबको महसुस प्रदेश र स्थानीय सरकारहरुले पनि गर्नुपर्छ । प्रदेश र स्थानीय सरकारले समेत तेस्रो प्राथमिकताका योजना (पीथ्री) का आयोजना तथा कार्यक्रमलाई घटाउने वा कटाउनेतर्फ केन्द्रित हुनुपर्छ । संघीय तहमा अझै पनि अनावश्यक संरचनाहरु यथावत रहेकाले ती संरचना खारेज गर्नुपर्छ । अझै पुग्दैन भने प्रदेश र स्थानीय सरकारमा पठाइएका सशर्त अनुदानका शिर्षकहरुलाई प्राथमिकता दिएर कटौती गर्न सकिन्छ ।

प्रदेश र स्थानीय तहमा मात्र होइन, संघमा पनि टुक्रे योजना हजारौं छन् । टुक्रे योजनाको बजेट कटौती गरेर संघले ठूला र गेम चेन्जर योजनामा मात्र लगानी गर्नुपर्छ ।

घाटा बजेट निर्माण गर्ने प्रवृत्तिले पनि समस्या ल्याएको छ । आय अनुमान गर्दा नै यथार्थताको टाढा हुने गरिन्छ । बरु समानीकरण अनुदानको आकार निर्धारण गर्दा नै आय अनुमान यथार्थताको नजिक भएर गर्नुपर्छ । तर निर्धारण गरिसकेको अनुदान कटौती गर्न हुँदैन । उल्लिखित विकल्पमा जानुको सट्टा सिधैं समानीकरण अनुदानमा मात्र कैंची चलाउँदा संघीय सरकारलाई वित्तीय संघीयता कार्यान्वयनमा इमान्दारिता छैन भन्ने आरोप लाग्नेछ ।

### गत आवमा कटौती भएको थियो ?

विनियोजन भइसकेको समानीकरण अनुदान निकासाको क्रममा गत आव २०८०/८१ मा पनि कटौती गरिएको थियो भने त्यसअघि आव २०७९/८० मा समेत करिब ६ अर्ब रकम काटिएको थियो ।

संघीय विनियोजन ऐन, २०८० मा समावेश भएको समानीकरण अनुदानमध्ये २५.८९ प्रतिशत अर्थात् २४ अर्ब ४८ करोड रकम कटौती भएको थियो । तर स्थानीय सरकारका संघ/महासंघ (गाउँपालिका राष्ट्रिय महासंघ नेपाल र नेपाल नगरपालिका संघ) को निरन्तरको पहलकदमीका बाबजुद कटौती गरिएको २४ अर्ब ४८ करोडमध्ये करिब १७ अर्ब (बिनियोजनको ९४ प्रतिशत) निकासा गराउन सफल भएका थिए । प्रदेशमा भने कटौती गरिएको रकम निकासा भएन ।

त्यतिबेला कटौती भएको रकम निकासाको लागि संघ/महासंघले निकै संघर्ष गर्नुपर्‍यो । समानीकरण अनुदान कटौतीको निर्णय हुने बितिक्कै तत्कालीन अर्थमन्त्री र प्रधानमन्त्रीलाई पटकपटक ध्यानाकर्षण गराए ।

स्थानीय सरकारहरुले संसद्मा प्रतिनिधित्व गर्ने सबै दलका प्रमुख र प्रमुख सचेतकहरुलाई पहलकदमी र सहजीकरणको लागि ज्ञापनपत्र बुझाए र बारम्बार घचघच्याइ रहे । सबै दलका संसदीय दलका नेता र प्रमुख सचेतकले समानीकरण अनुदान कटौती गर्न नमिल्ने र निकासाको लागि भूमिका खेल्ने प्रतिबद्धता जनाए । धेरै सांसदले सदनमा सरकारको ध्यानाकर्षण गराए ।

नेपाली कांग्रेसको केन्द्रीय कार्यसमितिको बैठकले त विशेष निर्णय नै गरेर सरकारको ध्यानाकर्षण गराएको थियो । नेकपा एमालेका उपाध्यक्ष विष्णु पौडलले ज्ञापनपत्र बुझ्दै समानीकरण अनुदान कुनै हालतमा कटाउन नमिल्ने र निकासाको लागि पहलकदमी लिने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । संयोगले विष्णु पौडेल अहिले आफैं अर्थ मन्त्रालयको बागडोर सम्हालिरहनुभएको छ ।

राष्ट्रिय समन्वय परिषद्, राष्ट्रिय विकास समस्या समाधान परिषद्, राष्ट्रिय विकास परिषद्, अन्तरसरकारी वित्त परिषद् लगायतका निकायहरुको लगातार यो विषय उठाइरहँदा सम्बन्धित पदाधिकारीहरुबाट समानीकरण अनुदान कटौती नहुने प्रतिबद्धता आइनै रह्यो ।

संघ/महासंघको निरन्तरको पहलकदमीलाई नेपाल सरकारले सम्बोधन नगरेपछि बाध्य भएर २०८१ जेठ १९ गते स्थानीय सरकारका करिब २ सय जना जनप्रतिनिधिहरुले २ घण्टा अर्थ मन्त्रालय घेराउ गरी अर्थ मन्त्री र नेपाल सरकारको ध्यानाकर्षण गराए ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले अर्थ मन्त्रालयलाई पत्रमार्फत वित्तीय समानीकरण अनुदान कटौती नगर्न सिफारिस नै गर्यौं जसले नेपाल सरकारलाई थप दबाब पर्यो । उल्लिखित पहलकदमीबाट कुनै प्रगति नभएपछि २०८१ असार १३ गतेबाट देशभरका जनप्रतिनिधिहरुलाई सिंहदरबार केन्द्रित दबाब कार्यक्रममा सहभागी हुन आह्वान गरेपछि भने असार १० गते मात्र १७ अर्ब निकासा फुकुवा गर्न मन्त्रिपरिषद् बाध्य भएको थियो ।

अन्त्यमा, समानीकरण अनुदानलाई संघीयता कार्यान्वयनको अनिवार्य दायित्व भित्र राखेर यसलाई कटौती गर्न नहुनेतर्फ सरकारले ध्यान दिनुपर्छ । खर्च कटौतीका अन्य विकल्पहरु छन् । खर्च कटौती गर्ने दायित्व संघको मात्र नभएर प्रदेश र स्थानीय सरकारको पनि हो । प्रतिपक्षमा रहँदा बिनियोजन भएको समानीकरण अनुदान कटौती गर्न नहुनेतर्फ सबै राजनीतिक दल एकमत हुन्छन् । जब तिनै दल सरकारमा पुग्छन् पुनः सोही नियति दोहोरिन्छ । एउटा तहको सरकार लाई अर्को तहको सरकारले माग सम्बोधन गराउन आन्दोलन नै गर्नुपर्ने बाध्यता पार्नु सुहाउँदो विषय होइन । वित्तीय संघीयताको जगको रुपमा रहेको समानीकरण अनुदान नकटाउन स्थानीय सरकारहरुको अनुरोधमा गम्भीर हुनुपर्छ ।

सशर्त अनुदानमा कटौती र समानीकरण अनुदानमा वृद्धि गर्दै वित्तीय संघीयताको कार्यान्वयन गर्नुपर्नेमा संघीय सरकार सशर्त अनुदान बढाउँदै विनियोजन ऐनमा नै समानीकरणको आकार कम गर्ने र विनियोजन भइसकेको रकमसमेत घटाउने प्रवृत्तिले सरकारले संघीयता कार्यान्वयनमा देखाइरहेको तदारुकता र सक्रियतासमेत निस्तेज हुने स्थिति देखिएको छ ।

*(लेखक गाउँपालिका राष्ट्रिय महासंघका कार्यकारी निर्देशक हुन् । स्रोतः अनलाईनखबर)*

# आजबाट निर्माण तथा व्यापार महोत्सव

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका वडा नम्बर-१० स्थित टिसिएन चौरमा आज मंगलबारबाट निर्माण तथा व्यापार महोत्सव सुरु हुने भएको छ । निर्माण व्यवसायी संघ मकवानपुर तथा शान्तिबाटिका संस्था नेपालको आयोजनामा हुन लागेको दोस्रो राष्ट्रिय निर्माण तथा व्यापार महोत्सवको तयारी अन्तिम चरणमा पुगेको हो ।

सोमबार निर्माण व्यवसायी संघ मकवानपुरका अध्यक्ष बालगोपाल कँडेलले कार्यक्रमस्थलमा पत्रकार सम्मेलन आयोजना गर्दै फागुन ६ गते मंगलबारदेखि फागुन १६ गतेसम्म हुन लागेको व्यापार महोत्सवको तयारी अन्तिम चरणमा पुगेको जानकारी दिनुभयो । महोत्सवस्थलमा स्टल निर्माण, स्टेज निर्माण, टिकटघर लगायतका पूर्वाधारहरुको तयारी अन्तिम अवस्थामा रहेको उहाँले जानकारी दिनुभएको छ ।

हेटौंडा-४ स्थित हुप्रचौरबाट बिहान साढे १० बजे शोभायात्रा सुरु गरेर बुद्धचोक हुँदै टिसिएन चौर पुगेर समापन हुने उहाँले बताउनुभयो । महोत्वसको उद्घाटन नेपाल सरकारका गृहमन्त्री रमेश लेखकले गर्नेगरी कार्यक्रम तय भएको उहाँले बताउनुभयो । महोत्सवको दोश्रो दिन फागुन ७ गतेदेखि हरेक दिन हेटौंडा आइडल प्रतियोगिता, स्थानीय कलाकार र राष्ट्रिय कलाकारहरुको प्रस्तुति रहने उहाँले बताउनुभयो । हेटौंडा आइडलमा प्रारम्भिक छनौटमा १६ जना छनौट भइसकेको उहाँले जानकारी दिनुभयो ।

दोस्रो व्यापार महोत्सवमा नवीनतम निर्माण उपकरण तथा सामग्रीहरुको प्रदर्शनी एवम् बिक्री, बहुराष्ट्रिय कम्पनीहरुको उत्पादन, स्थानीय तथा राष्ट्रिय औद्योगिक उत्पादन तथा सेवाहरुको प्रदर्शनी एवम् बिक्री हुने उहाँले बताउनुभयो । सूचना प्रविधि तथा कृषि उत्पादनको प्रदर्शनी, घरेलु तथा हस्तकला सामग्रीको प्रदर्शनी एवम् बिक्री, कृषि उत्पादनको प्रदर्शनी, महिला उद्यमीद्वारा उत्पादित सामग्रीहरुको बिक्री वितरण हुनेछ । महोत्सवमा मनोरञ्जनात्मक सांस्कृतिक कार्यक्रम, शैक्षिक, घरजग्गा, अटो, खाना तथा बस्तु र सेवाको प्रदर्शनी एवम् बिक्री हुने उहाँले बताउनुभयो । महोत्सवमा करिब ३०० वटा स्टलहरु रहने उहाँले बताउनुभयो ।

# दुर्घटनामा दुईजनाको ज्यान गयो

समाज संवाददाता

हेटौँडा : चितवन र सिन्धुली जिल्लामा भएका दुर्घटनामा परी २ जनाको मृत्यु भएको छ । चितवन जिल्लाको राप्ती नगरपालिका-५, भण्डारामा योद्धा जीपले ठक्कर दिँदा साइकलयात्रीको मृत्यु भएको छ । आइतबार बिहान ७ बजेर ५० मिनेटको समयमा पूर्व-पश्चिम राजमार्गमा नारायणघाटदेखि हेटौँडा आउँदै गरेको प्रदेश ३-०१-०२४ च ६०३८ नम्बरको योद्धा जीपले सोही दिशातर्फ आउँदै गरेको साइकललाई ठक्कर दिँदा साइकलयात्रीको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

दुर्घटनामा साइकलयात्री राप्ती नगरपालिका-४, प्रेमबस्तीका ६० वर्षीय काजीमान सुनार गम्भीर घाइते भएका थिए । घाइते सुनारलाई उपचारका लागि भरतपुर अस्पताल लगिएकोमा आइतबार बिहान ८ बजेर ५० मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ । जीप चालक सर्लाही जिल्लाको लालबन्दी नगरपालिका-६ का २३ वर्षीय विकास बम्जनलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

यस्तै सिन्धुली जिल्लाको कमलामाई नगरपालिका-१, बलौटामा ट्याक्टर अनियन्त्रित भई दुर्घटना हुँदामा घाइते भएका चालकको मृत्यु भएको छ । गत माघ २० गते साँझ ६ बजेर ४५ मिनेटको समयमा मदन भण्डारी राजमार्गमा सिन्धुलीबाट मरिणतर्फ जाँदै गरेको ट्याक्टर अनियन्त्रित भई दुर्घटना हुँदा घाइते भएका चालकको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

दुर्घटनामा चालक कमलामाई नगर पालिका-१, कुण्डका ३५ वर्षीय केशव माझीसहित ट्याक्टरमा सवार १४ वर्षीय अर्जुन माझी घाइते भएका थिए । घाइते दुवै जनालाई उपचारका लागि केएमसी अस्पताल काठमाडौं लगिएको थियो । उपचारको क्रममा अर्जुनको गत आइतबार दिउँसो ३ बजेको समयमा मृत्यु भएको थियो भने चालक केशवको आइतबार बिहान ३ बजेको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

# लागूऔषध ओनरेक्ससहित नेपाली पक्राउ

समाज संवाददाता

हेटौँडा : मकवानपुर प्रहरीले लागूऔषधसहित एकजनालाई पक्राउ गरेको छ । पक्राउ पर्ने हेटौँडा-११ का १९ वर्षीय दिपु नेपाली रहेको प्रहरीले जानकारी दिएको छ ।

आइतबार दिउँसो साढे १२ बजेको समयमा हेटौँडा-१९ स्थित सालकपार्कतर्फ जाँदै गर्दा शंकास्पद रुपमा झोला बोकी हिँडिरहेको अवस्थामा नेपालीको तलासी गर्ने क्रममा नेपालीको साथबाट १०० मिलिलिटरको लागूऔषध ओनरेक्स ५ बोतल र नाईट्राजेपाम ३० ट्याब्लेट बरामद भएको प्रहरीले उल्लेख गरेको छ । लागूऔषधसहित नेपालीलाई नियन्त्रणमा लिई मकवानपुर जिल्ला अदालतबाट ७ दिनको म्याद अनुमती लिई प्रहरीले हिरासतमै राखेर अनुसन्धान गरिरहेको छ ।

## श्री भानु माध्यमिक विद्यालय

मकवानपुरगढी-३, मक्रान्चुली

## सामग्री खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

*प्रथम पटक सूचना प्रकाशित मिति : २०८१।११।०५*

यस श्री भानु माध्यमिक विद्यालयलाई शिक्षा विकाश निर्देशनालय, बागमति प्रदेश, हेटौँडाबाट नमुना विद्यालय विकास कार्यक्रम अन्तरगत आ.व. २०८१।०८२ मा विद्यालयको लागि ICT Lab सामग्री खरिद कार्य सिलबन्दी दरभाउपत्रको माध्यमबाट गराउनुपर्ने भएकोले नेपाल सरकारबाट मान्यता प्राप्त आपूर्तिकर्ताहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलवन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**तपसिलः**

१. यो सूचना समृद्ध समाज राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले १५ (पन्ध्र)औं दिनसम्म विद्यालय समय बेलुका ४:०० बजे भित्र नविल बैंक लिमिटेड, हेटौडामा रहेको यस विद्यालयको चल्ति खाता नं. २२१०१०१७५००२८४ मा जम्मा गरेको रु १०००।- को बैंक भौचर संलग्न गरी यस विद्यालयको लेखा शाखाबाट दरभाउपत्र फारम खरीद गर्न सकिने छ । सिलबन्दी दरभाउपत्र फारमको साथमा आयकर दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र, संस्था दर्ता प्रमाणपत्र र आ.व.२०८०।०८१ सम्मको करचुक्ता प्रमाणपत्रहरुको प्रतिलिपी पेश गर्नु पर्नेछ । सिलबन्दी दरभाउपत्र साथ पेश गरिने कागजातहरु नोटरी पब्लिकबाट प्रमाणित गरेको हुनुपर्नेछ ।
२. खरिद भएका दरभाउपत्रहरु १६ औं दिनको ठिक १२:०० बजे भित्र यस विद्यालयको नाममा सम्बोधन गरी सिलबन्दी दरभाउपत्रदाताले फर्मको नाम र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई सूचना नम्बर अनुसार कामको विवरण उल्लेख गरी खाममा शिलबन्दी गरी लाहाछाप लगाई यस विद्यालयमा दर्ता गराउन सकिनेछ ।
३. सिलबन्दी दरभाउपत्र साथ जमानत बापतको रकम नविल बैंक लिमिटेड, हेटौडामा रहेको यस विद्यालयको चल्ति खाता नं. २२१०१०१७५००२८४ मा जम्मा गरेको बैंक भौचर वा सिलवन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा ९० दिन मान्य अवधी रहने गरी नेपाल सरकारबाट मान्यता प्राप्त नविल बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको विडबण्ड (बैंक ग्यारेन्टी) संलग्न राख्नु पर्नेछ ।
४. दरभाउपत्रमा आइटम वाइज दररेट अंक र अक्षर दुबैमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरबीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएमा स्पष्टसँग दस्तखत भएको हुनु पर्नेछ ।
५. दरभाउपत्रमा उल्लेखित सबै आइटमहरुको मू.अ.कर बाहेकको रकम उल्लेख गर्नु पर्नेछ ।
६. म्याद भित्र दर्ता भएका दरभाउपत्रहरु सोहि दिनको २:०० बजे यस विद्यालयको विद्यालय व्यवस्थापन समितिका प्रतिनिधिहरु र आपूर्तिकर्ता वा निजका प्रतिनिधिहरुको रोहवरमा यस विद्यालयमा खोलिने छ । आपूर्तिकर्ता वा प्रतिनिधि उपस्थित नभए पनि उक्त कार्य गर्न बाधा पर्ने छैन ।
७. सिलबन्दी दरभाउपत्र फाराम दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेको खण्डमा त्यसको लगतै भोली पल्ट विद्यालय खुलेको दिन उक्त कार्यहरु कमश गरिने छ ।
८. म्याद नाघी आएको वा रित नपुगी आएको सिलवन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।
९. यस सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) बमोजिम हुनेछ ।
१०. सिलबन्दी दरभाउपत्र फारामहरुमा उल्लेख भए बमोजिमका सबै शर्तहरु पुरा हुनु पर्नेछ ।
११. आपूर्तिकर्ता र विद्यालयबीच कुनै विवाद भएमा विद्यालयको निर्णयलाई अन्तिम निर्णय मानिनेछ ।
१२. ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस विद्यालयमा सुरक्षित रहने छ ।
१३. सिलबन्दी दरभाउपत्र सम्बन्धि कुनै कुरा बुझ्न परेमा यस विद्यालयको लेखा शाखामा सम्पर्क गर्न सकिने छ ।

**सिलबन्दी दरभाउपत्रको विवरण**

| सि.नं | ठेक्का नम्बर | कार्य विवरण | जमानत | फारम शूल्क (पछि फिर्ता नहुने) |
|---|---|---|---|---|
| १ | १/०८१/८२ | Purchase Of ICT Lab Item | २०,०००।- | १,०००।- |

# कमाने एकेडेमी/बाल-साहित्य चौतारी

## धूर्त स्याल

पुष्पा थापा

एउटा जंगलमा दुईवटा बाँदरहरु बस्दथे । उनीहरु सधैं जंगल नजिकैको वस्तीमा गएर मानिसको घरबाट खानेकुराहरु चोरेर जङ्गलमा ल्याई बाँडेर खान्थे । एकदिनको कुरा हो, उनीहरुले धेरै कोसिस गर्दा पनि काहिँ कतै खानेकुरा भेट्न सकेनन् । अन्ततः उनीहरुले एउटा पसलमा गएर एउटाले साउजीको ध्यान आफूतीर तानेर अर्काले एक पोका पाउरोटी चोरेर जङ्गलतीर कुदे ।

जङ्गलमा पुगेपछि पाउरोटी कसरी भाग लगाउने भन्ने बारेमा उनीहरुबीच सल्लाह गर्दै थिए । यो सबै टाढा बसेर एउटा स्यालले हेरिरहेको थियो । स्याल दगुर्दै आएर उनीहरुलाई भन्यो तिमीहरु झगडा नगर । म यो पाउरोटी दुबैमा बराबर हुने गरी भाग लगाइदिन्छु । यति भनी उ तराजु लिएर आयो र तराजुको दुईतीर पाउरोटी बाँडेर राख्यो एकातिर पाउरोटी बढी भएकोले उसले भन्यो ल हेर त, यसमा थोरै बढी भयो म थोरै खाइदिन्छ अनि बराबर हुन्छ भन्दै थोरै पाउरोटी झिकेर खायो र फेरि जोख्दा अर्कोपट्टी पाउरोटी बढी भयो र फेरि त्यसै भन्दै अर्कोपट्टीको पाउरोटी झिकेर खाइदियो । यसो गर्दागर्दै पाउरोटी सबै सिध्याइदियो र दुइवटा बाँदरहरु हेरेको हेरै भए ।

(सन्देशः हामी साथीभाइ सधैँ मिलेर बस्नुपर्दछ । एकआपसमा झगडा गऱ्यो भने त्यसको फाइदा अरुले लुट्दछन् ।)

*कक्षा-६*

## गन्ने काम



रिशव अधिकारी

एक दुई तीन चार
आज शनि भोलि आइतबार
पाँच छ सात आठ
याद राख्छु म आफ्नो पाठ
यसपछि आउँछ नौ र दस
गन्ने काम अब सकियो हस् ।

*कक्षा-२*








## हामी वीर नेपाली



अमिक मग्राती

हाम्रो देश नेपाल
नेपाली हाम्रो पहिचान
भाषा हाम्रो नेपाली
गरौं यसको सम्मान

ठूला वडाको दसैं
भाइटिका सानाको
पाउ हाम्रो लुम्बिनी
शीर सगरमाथाको

दौरा सुरुवाल पुरुषलाई
महिलालाई गुन्युचोली
नेपाललाई संसारमा
चिनाउने छु म भोलि

भाषा हाम्रो विभिन्न
जात हाम्रो नेपाली
हिमाल पहाड तराई
कोही छैन पराई ।

*कक्षा-५*

## साथी



डेनिसा कटुवाल

साथी दुःख भए भने
सधैँ उसको साथ दिन्छौ
साथी खुसी भए भने
उसको खुसी सँगै बढाउँछौ

पढ्ने, लेख्ने सिक्ने गर्छौ ।
राम्रो बाटो हिँड्ने गर्छौ।
खेल्छौ रमाउदै सँगै सँगै
साथीहरू हौँ हामीसँगै

माया प्रेम सधैँ सधैँ
साथीपनको भावना राखी
सधैँ रहोस् साथीको साथ
नहोस कहिले झगडाको हात

*कक्षा-४*

### बागमती गोल्डकप

# आर्मीलाई हराउँदै चर्च व्वाइज सेमिफाइनलमा



*गोलरक्षक टेकेन्द्रसिं थापालाई म्यान अफ द म्याचको ट्रफी प्रदान गरिँदै।*

**समाज संवाददाता**

हेटौंडा : बागमती गोल्डकप प्रतियोगितामा आर्मीलाई हराउँदै चर्च व्वाइज सेमिफाइनलमा प्रवेश गरेको छ। सातौं संस्करणको बागमती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगिता अन्तर्गत सोमबार भएको खेलमा चर्च व्वाइज युनाइटेड सेमिफाइनलमा प्रवेश गरेको हो।

बागमती-४ स्थित सहिद स्मृति रंगशालामा भएको पहिलो क्वार्टरफाइनल खेलमा विभागीय टोली त्रिभुवन आर्मी क्लबलाई टाइब्रेकरमा ५-४ गोलले हराउँदै चर्च व्वाइज प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको हो। निर्धारित समय गोलरहित बराबरी पछि खेल टाइब्रेकरमा धकेलिएको थियो। चर्च व्वाइज प्रतियोगितामा नयाँ टोली हो। चर्च व्वाइजका लागि टाइब्रेकरमा विदेशी खेलाडी अर्मान विडम र अनयोमीसहित सुमित श्रेष्ठ, दिपेश गुरुङ, सुजल डंगोलले गोल गरे।

आर्मीका लागि विमल पाण्डे, फत्तेमान घले, जर्ज प्रिन्स कार्की र जिलेस्पी जंग कार्कीले गोल गरे भने नरेश खत्रीको प्रहार चर्च व्वाइजका गोलरक्षक टेकेन्द्र सिं थापाले रोके। खेलको म्यान अफ द म्याच गोलरक्षक थापा घोषित भए। उनले १० हजार रुपैयाँ प्राप्त गरे। उनलाई बागमती गाउँपालिका अध्यक्ष सर्केश घलान, उपाध्यक्ष फणिन्द्र तिमल्सिना र प्रमुख प्रशासकीय अधिकृत ओम बहादुर दर्जी लगायतले ट्रफी र नगद प्रदान गरे।

फागुन १२ गतेसम्म संचालन हुने प्रतियोगिताको उपाधि विजेताले १० लाख रुपैयाँ र उपविजेताले ५ लाख रुपैयाँ प्राप्त गर्नेछ। प्रतियोगिताको सर्वोत्कृट खेलाडीलाई १ लाख १ हजार रुपैयाँ तथा विधागत उत्कृष्ट खेलाडीलाई जनही २५ हजार रुपैयाँसहित शिल्ड प्रदान गरिने आयोजकले जनाएको छ।

### भीमफेदी गाउँपालिकास्तरीय भलिबल प्रतियोगिता

# क्वार्टरफाइनल समीकरण पूरा

**समाज संवाददाता**

हेटौंडाः मकवानपुरको भीमफेदी गाउँपालिकामा जारी पालिकास्तरीय खुला पुरुष भलिबल प्रतियोगिताको क्वार्टरफाइनल समीकरण पूरा भएको छ। सोमबार समूह चरणको अन्तिम खेलहरु सम्पन्न भएसँगै प्रतियोगिताको क्वार्टरफाइनल समीकरण पूरा भएको हो।

प्रतियोगिता अन्तर्गत आज मंगलबारबाट नकआउट प्रणालीको खेलहरु सञ्चालन हुने बताइएको छ। समूह चरणको खेलमा जीत निकाल्दै आयोजक निब्टा क्लब बी, भीमफेदी युवा क्लब ए, भीमफेदी युवा क्लब बी, ६ ब्रदर्श भैंसे, सुपिङ युवा क्लब, कलिका युवा क्लब, च्यूरीबगैंचा क्लब र पान्द्राङ युवा क्लबले क्वार्टरफाइनलमा आफ्नो स्थान पक्का गरेको छ।

भीमफेदी गाउँपालिकाको आर्थिक सहयोग तथा निब्टा क्लबको आयोजनामा आइतबारबाट सुरु भएको प्रतियोगितामा ११ वटा टिमको सहभागिता रहेको प्रतियोगिताका संयोजक अनिल अधिकारीले जानकारी दिनुभएको छ। क्लबले राष्ट्रिय प्रजातन्त्र दिवसको अवसरमा विगतदेखि विभिन्न कार्यक्रम आयोजना गर्दै आएको संयोजक अधिकारीले बताउनुभयो। समूह चरणमा ११ टिमको सहभागिता रहेको उहाँले जानकारी दिनुभयो।

प्रतियोगिताको उपाधि विजेता टिमले ३० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले २० हजार रुपैयाँसहित शिल्ड, मेडल ता प्रमाणपत्र प्राप्त गर्नेछ। प्रतियोगिताको उत्कृष्ट खेलाडी, उत्कृष्ट स्पाईकर, उत्कृष्ट सेटर र उदीयमान खेलाडीलाई पनि ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिनेछ।

प्रतियोगिता सम्पन्न गर्न ३ लाख ९५ हजार ६ सय ८० रुपैयाँ खर्च हुने अनुमान गरिएको उहाँले बताउनुभयो। प्रतियोगिताका लागि गाउँपालिकाले ३ लाख रुपैयाँ सहयोग रहेको उहाँले बताउनुभयो। संयोजक अधिकारीका अनुसार अन्य खर्च क्लबले नै व्यहोर्नेछ

# कर्मचारीहरुले गरे गोल्डकपलाई नगद सहयोग

**समाज संवाददाता**

हेटौंडाः बागमती गाउँपालिका खेलकुद विकास समितिको आयोजनमा सञ्चालन भइरहेको सातौं संस्करणको बागमती गोल्डकप फुटबल प्रतियोगिताको लागि कर्मचारीबाट सहयोग प्राप्त भएको छ। पूर्वी मकवानपुरको बागमती गाउँपालिकाका कर्मचारीले बागमती-४, झुरझुरेस्थित सहिद स्मृति रंगशालामा जारी राष्ट्रिय गोल्डकप फुटबल प्रतियोगिताका लागि सोमबार नगद सहयोग गरेका हुन्।

गोल्डकप फुटबल प्रतियोगिताका लागि पालिकाका कर्मचारीहरुले १ लाख ३२ हजार २ सय ३१ रुपैयाँ आर्थिक सहयोग गरेका छन्। पालिकाका प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर दर्जीले खेलकुद विकास समितिका अध्यक्ष रहर सिंह थिङलाई सहयोग रकम हस्तान्तरण गर्नुभयो। आगामी फागुन १२ गते सम्म सञ्चालन हुने प्रतियोगिताका लागि विभिन्न संघसंस्था, जनप्रतिनिधि, कर्मचारी र खेल क्षेत्रमा रुचि भएका पदाधिकारीहरुबाट सहयोग प्राप्त भइरहेको अध्यक्ष थिङले बताउनुभयो।

# वार्षिक उत्सवको अवसरमा विविध खेलकुद प्रतियोगिता

**समाज संवाददाता**

हेटौंडाः हेटौंडा-१८, दोभानचौरमा रहेको कमला आधारभूत विद्यालयको ४९ औं वार्षिक उत्सवको अवसरमा विविध खेलकुद प्रतियोगिता भइरहेको छ। आइतबारदेखि सुरु भएको खेलकुद प्रतियोगिता बिहीबारसम्म सञ्चालन हुने विद्यालयका प्रधानाध्यापक गोविन्द उप्रेतीले जानकारी दिनुभयो।

आइतबार नर्सरी र केजीका विद्यार्थीलाई बेलुन डान्स, कक्षा १-२ मा बेलुन फुटाई, कक्षा ३-४ मा ५० मिटर दौड, कक्षा ५-६ र ७-८ मा १०० मिटर दौड र वाटर बलरेस प्रतियोगिता भएको थियो। यस्तै, सोमबार कक्षागत तातो आलु, बिस्कुट खाने प्रतियोगिता, चम्चा दौड, बोरा दौड र केरा खाने प्रतियोगिता भएको थियो।

आज मंगलबार नर्सरी/केजीमा चकलेट दौड, कक्षा १-२ मा बेलुन दौड, कक्षा ३-४ मा बोतलमा पाइप राख्ने, कक्षा ५-६ मा केरा खाने र कक्षा ७-८ मा कट्टु लगाउने प्रतियोगिता हुनेछ। ८ गते बिहीबार कक्षा १-२ मा सर्ट लगाउने प्रतियोगिता, कक्षा ३-४ मा तीन खुट्टे दौड, कक्षा ५-६ मा गंगटा दौड र कक्षा ७-८ मा फुटबल प्रतियोगिता हुनेछ।

विद्यालयको वार्षिकोत्सव शुक्रबार समापन हुनेछ। वार्षिक उत्सव समापनको दिन शिक्षकहरुको चम्चादौड र अभिभावकहरुको घ्याम्पो फुटाइ खेलसमेत रहेको प्रधानाध्यापक उप्रेतीले जानकारी दिनुभयो। प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीहरुलाई शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिनेछ। विद्यालयमा हाल ३ सय १५ जना विद्यार्थी अध्ययनरत रहेका छन्।

# नगरस्तरीय क्रिकेट, फुटबल र बास्केटबल प्रतियोगिता सम्पन्न

**समाज संवाददाता**

हेटौंडाः हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडा कार्यालयको आयोजना तथा शैक्षिक गुणस्तर सुधार समितिको व्यवस्थापनमा सञ्चालन भइरहेको दोस्रो खेलकुद महोत्सव अन्तर्गत नगरस्तरीय प्रतियोगिताहरु सोमबार सम्पन्न भएको छ। शनिबारबाट सुरु भएको क्रिकेट र सेभेन ए साइड फुटबल तथा सोमबारै सुरु भएको बास्केटबल प्रतियोगिता सम्पन्न भएको हो।

हेटौंडा-४ स्थित भूटनदेवी माविको सहव्यवस्थापनमा नगरस्तरीय क्रिकेट प्रतियोगिता भएको हो। प्रतियोगितामा ११ वटा विद्यालयको सहभागिता थियो। हेटौंडा-४, कर्रास्थित श्रमिक माविको सहव्यवस्थापनमा नगरस्तरीय सेभेन ए साइड फुटबल प्रतियोगिता भएको हो। प्रतियोगितामा २१ वटा विद्यालयको सहभागिता थियो। यस्तै, हेटौंडा-४ कै नवोदय शिशु सदनको सहव्यवस्थापनमा भएको बास्केटबल प्रतियोगितामा ६ वटा विद्यालयको सहभागिता थियो।

## क्रिकेटको उपाधि आधुनिक माविलाई

नगरस्तरीय क्रिकेट प्रतियोगिताको उपाधि आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयले जितेको छ। भूटनदेवी माध्यमिक विद्यालयको चौरमा भएको फाइनल खेलमा सहव्यवस्थापक भूटनदेवी माध्यमिक विद्यालयलाई ८ विकेटले हराउँदै आधुनिकले उपाधि जितेको हो।

टस जितेर पहिले ब्याटिङ गरेको भूटनदेवी माविले निर्धारित १० ओभरमा ८ विकेटको क्षतिमा ९९ रन बनाएको थियो। भूटनदेवीको तर्फबाट सन्देशले २९ रन र रितिकले २८ रन बनाएका थिए। आधुनिकबाट रोहित दिपेशले सर्वाधिक ४ विकेट लिएका थिए भने आदर्शले २ विकेट लिएका थिए।

एक सय रनको लक्ष्य पछ्याएर जवाफी ब्याटिङमा उत्रिएको आधुनिकले ९ ओभरमा २ विकेट गुमाउँदै लक्ष्य भेट्टाएको हो। आधुनिकका रोहित ठाकुरले सर्वाधिक ७२ रन बनाएका थिए। आदर्शले १६ रन बनाएका थिए। खेलको म्यान अफ द सिरिज रोहित ठाकुरै घोषित भएका छन्।

सोमबारै भएको सेमिफाइनल खेलमा भूटनदेवीले र हेटौंडा-९ स्थित प्रगति माध्यमिक विद्यालयलाई हराउँदै फाइनलको यात्रा पूरा गरेको थियो भने आधुनिकले हेटौंडा-११ स्थित हेटौंडा एकेडेमीलाई हराउँदै फाइनलको यात्रा पूरा गरेको थियो। प्रतियोगिताको विजेता र उपविजेता टिमलाई बुधबार पुरस्कृत गरिने क्रिकेट प्रतियोगिताका संयोजक प्रकाश सुवेदीले जानकारी दिनुभएको छ।

## हेटौंडा एकेडेमीले जित्यो फुटबलको उपाधि

नगरस्तरीय सेभेन ए साइड फुटबल प्रतियोगिताको उपाधि हेटौंडा-११ स्थित हेटौंडा एकेडेमीले जितेको छ। फाइनल प्रतिस्पर्धामा हेटौंडा-१२ स्थित बुद्ध माध्यमिक विद्यालयलाई ट्राइबेकरमा ३-२ गोल अन्तरले हराउँदै हेटौंडा एकेडेमीले उपाधि जितेको हो। निर्धारित खेल १-१ गोलको बराबरीमा टुंगिएपछि खेलको निर्णय ट्राइबेकरबाट लिइएको थियो।

सोमबारै भएको पहिलो सेमिफाइनल खेलमा हेटौंडा-९ स्थित प्रगति माविलाई पराजित गर्दै बुद्ध माविले फाइनलको यात्रा तय गरेको थियो। यस्तै, दोस्रो सेमिफाइनल खेलमा हेटौंडा-४ स्थित श्रमिक माविलाई पराजित गर्दै हेटौंडा एकेडेमी फाइनलमा पुगेको हो।

फुटबल प्रतियोगिता श्रमिक माविको चौरमा भएको थियो। बुधबार रोयल प्यालेसमा हुने कार्यक्रममा फुटबलका विजेता तथा उपविजेता खेलाडीलाई पदक तथा प्रमाणपत्र र विद्यालयलाई ट्रफी प्रदान गरिने फुटबल प्रतियोगिताका संयोजक राजेश अधिकारीले जानकारी दिनुभयो।

## बास्केटबलको उपाधि नवोदयलाई

हेटौंडाः सोमबार भएको बास्केट ल प्रतियोगिताको उपाधि हेटौंडा-४ स्थित नवोदय शिशु सदनले जितेको छ। नवोदयको बास्केटल बल कोर्टमा भएको प्रतियोगितामा हेटौंडा-८ स्थित कमाने एकेडेमीलाई ४६-१८ अंकले हराउँदै नवोदयले उपाधि जितेको हो। प्रतियोगितामा नवोदय शिशु सदनका प्रहस्त खड्का उत्कृष्ट खेलाडी घोषित भएका छन्।

सोमबारै सम्पन्न भएको सेमिफाइनल चरणको खेलमा हेटौंडा एकेडेमीलाई २५-१३ अंकले हराउँदै नवोदय फाइनलमा प्रवेश गरेको थियो भने हेटौंडा-२ स्थित ज्ञानोदय बालबाटिका एकेडेमीलाई १७-१४ अंकले हराउँदै कमाने एकेडेमीले फाइनलको यात्रा पूरा गरेको हो। प्रतियोगितामा ६ वटा विद्यालयको सहभागिता रहेको नवोदयका बास्केटबल प्रशिक्षक क्षितिज लामाले जानकारी दिनुभएको छ। बास्केट बल प्रतियोगितामा विजेता र उपविजेता बनेका टिम तथा उत्कृष्ट खेलाडीलाई बुधबार हुने कार्यक्रममा पुरस्कार प्रदान गरिने प्रशिक्षक लामाले बताउनुभयो।

# विवाह वर्षगाँठमा वृद्धाश्रमलाई सहयोग

**समाज संवाददाता**

हेटौंडा : हेटौंडा-१, चौकिटोलस्थित ओम वृद्धाश्रमलाई हेटौंडा-२ स्थित एभोकाडो होटलका संचालक भागीरथ शर्मा र मालती शर्माले ५०औं विवाह वर्षगाँठको अवसरमा सहयोग गर्नुभएको छ। शर्मा दम्पत्तिले एक दिनको खानाका लागि आवश्यक रकम सहयोग गर्नुभएको हो।

शर्मा दम्पत्तिले एक दिनको खाना वापत आश्रमलाई ११ हजार पाँच सय पाँच रुपैयाँ सहयोग गर्नुभएको आश्रमका अध्यक्ष सिद्धिलाल श्रेष्ठले जनाकारी दिनुभयो। सोमबार आश्रममै पुगेर शर्मा दम्पत्तिले सहयोग रकम हस्तान्तरण गर्नुभएको हो। ओम वृद्धाश्रममा हाल २५ जना ज्येष्ठ नागरिक आश्रित छन्।

# २३ जनाले गरे रक्तदान

**समाज संवाददाता**

हेटौंडाः मकवानपुर जिल्ला खेलकुद विकास समितिको आयोजनामा रक्तदान कार्यक्रम भएको छ। सोमबार बिहान हेटौंडा-४ स्थित जिल्ला खेलकुद विकास समितिको कार्यालय परिसरमा भएको रक्तदान कार्यक्रममा २१ जनाले रक्तदान गरेका छन्।

कार्यक्रममा १९ जना पुरुष र २ जना महिलाले रक्तदान गरेका हुन्। रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोगमा समितिले रक्तदान कार्यक्रम आयोजना गरेको हो।

जिल्ला खेलकुद विकास समितिका अध्यक्ष राजकुमार मोक्तानको सभाध्यक्ष तथा बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव दीपक लामाको प्रमुख आतिथ्यमा रक्तदान कार्यक्रम भएको हो। कार्यक्रममा कार्यालय प्रमुख माधव कोइराला, समितिका सदस्य मदन उप्रेती, मकवानपुर जिल्ला तेक्वान्दो संघका अध्यक्ष लालकाजीरत्न बज्राचार्यलगायतको उपस्थिति रहेको थियो।







## श्री मालपोत कार्यालय मकवानपुरबाट मितिः २०८१/११/०५ मा जारी भएको छुट जग्गा दर्ता तथा नामसारीको

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

निवेदकः हरि बहादुर राई (छोरा)   जग्गावालाः मान बहादुर राई (बुवा)

यसमा जिल्ला मकवानपुर साविक फपरवारी गा वि वडा नं. ६ का निम्नानुसार का जग्गा मेरो बुवा मान बहादुर राईको नाममा नाप नक्सा भई दर्ता गर्न छुट भएकोमा निज हाम्रो बुवा मान बहादुर राईको मिति २०३७/०८/१५ मा मृत्यु भईसकेको र निजको हक खाने निजकी एक मात्र पत्नि दमिनी राईको पनि मिति २०६३/११/१५ मा मृत्यु भईसकेको र निजहरुको शेषपछि हक खाने हकदारहरु ६ जना छोराहरु जेठो हरी बहादुर राई-१, माहिलो टंक बहादुर राई-१, साईलो जगत बहादुर राई-१, काईलो गोविन्द राई, ठाईंलो गणेश बहादुर राई र कान्छो अमर बहादुर राई-१ भएकोमा माहिलो टंक बहादुर राई-१, साईलो जगत बहादुर राई-१, काईलो गोविन्द राई, ठाईंलो गणेश बहादुर राई र कान्छो अमर बहादुर राई-१ जना गरी ५ जनाको मंजुरीले हरि बहादुर राईको नाममा एकलौटी छुट जम्गा दर्ता नामसारी गरी पाउँ भनि बागमति गाउँपालिका ८ नम्बर वडा कार्यालयको च.नं. ४०५ मिति २०८१/१०/०२ को छुट जग्गा दर्ता नामसारी सम्बन्धी सिफारिस पत्र, वडा सर्जमिन मुचुल्का तथा बागमति गाउँपालिका वडा नं. च.नं. ५०३ मिति २०८१/०९/२९ को नाता प्रमाणित प्रमाणपत्र, मृत्यु दर्ता प्रमाणपत्र, साविक लगत, फिल्डबुक उतार समेत संलग्न राखी द.नं.१०० मिति २०८१/१०/११ मा मागदावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः तल उल्लेखित जग्गा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गरिदिँदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकूल असर पर्ने भएमा वा निवेदकको नाममा दर्ता गर्न नमिल्ने भएमा वा निवेदकका माग दावी सत्य नभई झुठा भए वा निवेदक तथा मंजुरी दिने भन्दा बाहेक अन्य कोही हकवाला भए वा निवेदक तथा मंजुरी गर्नेहरु बाहेक अरु कसैको हकभोग भएको भए वा साँध सँधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्व लगायतमा प्रतिकूल असर/फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जङ्गल, नदि खहरे, भू-संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकाशित/जारी भएको मितिले ३५ (पैंतीस) दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला। अन्यथा निवेदकहरुको माग बमोजिम भई जानेछ। पछि कुनै उजुरबाजुर लाग्ने छैन।

**तपसिल**

| सि.नं. | फिल्डबुकको व्यहोरा | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| | जग्गावाला | साविक गाविस नपा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल (वि.ज.) | कैफियत/निवेदक | |
| १ | मान बहादुर राई गा.पं. फापरवारी वडा नं. ६ बाबु-बुद्धिमान बाजे..... | फापरवारी | ६ | ९३८ ८०४ | १-३-३ ०-१५-१४ | हरि बहादुर राई | जिल्ला मकवानपुर, फापरवारी, ११४ नं. मौजे-ढडे रातोमाटे, रै.नं. ७२ को जग्गाधनी मान बहादुर राई |

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ